# बैठक नं. ३३

आज मिति २०७५ साल साउन २२ गते मंगलबार अपरान्ह ३-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १ स्थित नगर कार्यपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, ब.ई. | श्री बालकृष्ण महर्जन | |
| २४ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

**छलफलका विषयहरुः-**

१. ढल्पा जग्गा एकिकरणको परामर्शदाता छनौट सम्वन्धी ।
२. MDVS अन्तर्गत २ जना प्राविधिक कर्मचारी र ७ जना सामाजिक परिचालक नियुक्ति सम्वन्धी ।
३. सम्पत्तीकर व्यवस्थापन कार्यविधि, २०७५ सम्वन्धमा ।
४. वडा स्तरिय बजेट परिचालन कार्यविधि, २०७५
५. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ ।
६. नगर खेलकुद सम्वन्धी कार्यविधी, २०७५
७. आ.व. २०७५/०७६ को निर्माण सामाग्रीहरु तथा ज्याला दररेट सम्वन्धमा ।
८. प्रवक्ता तोक्ने सम्वन्धमा ।
९. विविध (नेपाली सेना जग्गा विकास, वडामा पावर ब्याकअप, सामाजिक परिचालक तलव सुविधा, दरवन्दी संरचना आदी) ।

**निर्णयहरुः-**

१. ढल्पा-सल्यानथान जग्गा एकिकरणको प्राविधिक परामर्शदाता छनौट गरी कार्य अघि बढाउन परामर्शदाता छनौट सम्वन्धी सम्पुर्ण प्रकृया अविलम्ब शुरु गर्ने अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो ।
२. नगरपालिकाबाट प्रदान गरिने भवन नक्सा पास सम्वन्धी कार्य र सेवा प्रवाहलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्वयं सेवी ईन्जिनियर २ जना (सहायक स्तर पाँचौले

पाए सरह मासिक सुविधा गराउने गरि) नियुक्तिको लागि नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरियो । साथै विगतमा सामाजिक परिचालकको रुपमा कार्यरत ७ जना शान्ती महर्जन, जेनी महर्जन, मनशोभा महर्जन, प्रेमकुमारी श्रेष्ठ, विन्दु वासीनि नकर्मी, सुमिना पोखरेल, अस्मिता खनाल लाई अन्य स्वयंसेवकहरुलाई उपलब्ध गराउदै आएको मासिक निर्वाह भत्ता १३,५००/- (रु. तेर्हम हजार पाँच सय मात्र) उपलव्ध गराउने गरी MDVS कार्यक्रम अन्तरगत मिति २०७५ श्रावण १५ गतेदेखि नै लागु हुने गरि नियुक्ति गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको प्रवक्तामा उप-प्रमुख श्री सरस्वती रिजाल (खड्का) लाई तोक्ने निर्णय गरियो ।

४. नेपाली सेना, कल्याणकारी योजना निर्देशनालय अन्तर्गत साविक चोभार भूतखेल गाविस वडा नं. ३(क) र ९ (क) हाल कीर्तिपुर नगरपालिका वडा नं. ६ मा पर्ने जग्गाको जम्मा क्षेत्रफल २५४-१२-०-० जग्गामा पुर्वाधार विकास तथा खण्डिकरण गरि आवास विकास निर्माण गर्नका लागि सिफारिस भै आएको सन्दर्भमा त्यस क्षेत्रका बस्ती तथा सार्वजनिक क्षेत्रलाई प्रतिकुल असर नपर्ने गरि उक्त जग्गामा पेश भएको योजना अनुसार पुर्वाधार विकास तथा खण्डिकरण गर्न शहरी विकास मन्त्रालय, काठमाण्डौ उपत्यका विकास प्राधिकरणको नियम अनुसार हुने गरि स्वीकृती प्रदान गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकामा व्यवस्थित नगर विकासका लागि एक जना Urban Planner निजको योग्यता तथा सेवा सुविधा तोकि तत्कालै नियुक्तिका लागि नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

६. यस नगर क्षेत्रमा चालु आ.व. २०७५/०७६ का लागि निर्माण सामाग्री तथा ज्यालाको दर रेट संवन्धमा छलफल गरि जिल्ला दररेट निर्धारण समिति, काठमाण्डौले मिति २०७५/०३/३२ मा स्वीकृत गरेको काठमाण्डौ जिल्लाको ज्यालादर तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट,२०७५/०७६ अनुसार नै कायम गर्ने निर्णय गरियो ।

७. यस कीर्तिपुर नगरपालिकाको काम कारवाहिलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि देहाय बमोजिमका कार्यविधिहरु उपर बृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयोः-

क) सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५

ख) उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

ग) वडा स्तरिय बजेट परिचालन कार्यविधि, २०७५

घ) नगर खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

८. यस नगरपालिकाको तेस्रो नगर सभाको निर्णय तथा आ.व. २०७५/०७६ को बजेट, योजना, नीति तथा कार्यक्रमको सार्वजनिकिकरण समारोहमा यस नगरपालिका वडा नं. १० निवासी अन्तरराष्ट्रिय शारीरिक सुसंगठक ननिता महर्जन (बज्राचार्य) लाई यस नगरपालिकाको तर्फबाट रु. १०,०००/- (रु. दस हजार मात्र) नगद सहित कदर पत्रद्वारा गरिएको सम्मान कार्यक्रमको अनुमोदन गर्ने निर्णय गरियो ।

९. यस कीर्तिपुर नगरपालिका वडा नं. १० को प.स. २०७४/०७५ च.न. ८८५ मिति २०७५/०३/२५ को सिफारिस अनुसार हाल वडा नं. १० (तत्कालिन चिठ्ठुबिहार गाविस वडा नं. ७) को मातछें टोलमा तत्कालिन वडा सदस्य बालकृष्ण महर्जनका नाममा ग्रा.सं.न. ४७५४६ कायम रहेको धारा सो टोलका बासीन्दाहरुले सामुहिक रुपमा प्रयोग गर्दै आएको र सो को महशुल बापत जरिवाना सहित रु. १,६४,८५०/- (रु. एक लाख चौसठ्ठि हजार आठ सय पचास मात्र) बक्यौता रहेको र निज एक्लै व्याक्तिले उक्त रकम भुक्तानी गर्न संभव नभएकोले यस नगरपालिकाबाट भुक्तानीका लागि अनुरोध भै आएको सम्वन्धमा छलफल गर्दा हालसम्मको उक्त बाँकी बक्यौता रकम मिनाहा गरि अव आईन्दा उक्त धारा वडा नं. १० कार्यालयको नाममा नामसारी गरिदिनका लागि काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड कीर्तिपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

१०. यस नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरु १० जनालाई २०७४/१२/१६ देखि २०७५/०३/३२ सम्म (३.५ महिना) को पारिश्रमिक रु. ९,५००/- मा मासिक रु. २,५००/- थप र मासिक प्रोत्साहन सुविधा वापत रु. ३०००/- का दरले र बाकी ७ जनालाई सोहि अवधिको मासिक प्रोत्साहन सुविधा रु. ३००० का दरले उपलव्ध गराएको रकम समर्थन गर्ने निर्णय गरियो ।

११. यस नगरपालिकाका सम्पुर्ण वडा कार्यालयहरुमार्फत प्रभावकारी र गुणस्तरिय सेवा प्रवाह गर्ने क्रममा चालु आ.व. २०७५/०७६ को शुरुदेखि नै कम्प्युटराईज्ड प्रणालीबाट राजस्व संकलन लगायतका कार्यहरु कार्यान्वयन भै रहेकोले सेवा प्रवाहमा आउन सक्ने विद्युतिय अवरोधलाई न्यूनिकरण गर्नका लागि आवश्यक पावर व्याकअप ( Hybrid Solar System) खरिद गर्ने निर्णय गरियो ।

१२. कीर्तिपुर नगरबासीहरुको आधारभुत स्वास्थ्य उपचार विमा गर्नका लागि कीर्तिपुर अस्पताल तथा काठमाण्डौ मोडेल अस्पतालसँग सहकार्य गरी प्रति व्याक्ति रु. १०००/- (रु. एक हजार मात्र) विमा प्रीमियम निर्धारण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

# बैठक नं. ३२

आज मिति २०७५ साल असार २६ गते मंगलबार अपरान्ह ५-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १ स्थित नगर कार्यपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, ब.ई. | श्री बालकृष्ण महर्जन | |
| २४ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

**छलफलका विषयहरुः-**

१. तेस्रो नगर सभा तयारी सम्वन्धमा ।

२. विविध ।

निर्णयहरु

१. यस कीर्तिपुर नगरलाई समृद्ध तथा व्यवस्थित सुन्दर शहर बनाउने उद्धेश्यले आगामि आ.व. २०७५/०७६ का लागि यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरि सिफारिस सहित पेश गरेको चालु तर्फ रु. ३३,२३,००,०००/- (३३.१४%) र पुजीगत तर्फ रु. ६७,०४,३०,०००/- (६६.८६%) सहित कुल रु. १,००,२७,३०,०००/- को व्यय अनुमान उपर छलफल गरी स्वीकृतिका लागि नगर सभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

आ.व. २०७५/०७६ को प्रस्तावित व्यय अनुमानको संक्षिप्त विवरण

| सि.न. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु तर्फ (३३.१४%) | | |
| | क) प्रशासनिक खर्च | ७८०००००० | २३.४७% |
| | ख) सामाजिक सुरक्षा कार्यक्रम | ६०००००००० | १८.०६% |
| | ग) शसर्त अनुदान (विषयगत कार्यालय) | १९४३००००० | ५८.४७% |
| चालु तर्फ जम्मा (क+ख+ग) | | ३३२३००००० | |

| | | | |
|---|---|---|---|
| २ | पुजीगत योजना तथा कार्यक्रम तर्फ (६६.८६%) | | |
| | क) आर्थिक विकास | ३५६००००० | ५.३१ % |
| | ख) सामाजिक विकास | २२७८३०००० | ३३.९८ % |
| | ग) वन तथा वातावरण | ५१५००००० | ७.६८ % |
| | घ) संस्थागत विकास | ५६३००००० | ८.४० % |
| | ङ) पुर्वाधार विकास | २१९२००००० | ३२.७० % |
| | च) वडा स्तरिय कार्यक्रम | ८००००००० | ११.९३ % |
| पुजीगत योजना तथा कार्यक्रम तर्फ जम्मा (क+ख+ग+घ+ङ+च) | | ६७०४३०००० | |
| कुल जम्मा (१ + २) | | १००२७३०००० | |

## बैठक नं. ३०

मिति २०७५ साल असार ९ गते

**निर्णयहरुः-**

१. यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को लागि विधेयक संख्या १, दफा १७ तथा अनुसूचि ११ भएको **"कीर्तिपुर नगरपालिका आर्थिक विधेयक, २०७५"** पारित गरि आगामि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

२. स्थानीय राजस्व परामर्श समितिको प्रक्षेपण समेतका आधारमा यस नगरपालिकाको आगामि आ.व. २०७५/०७६ को लागि प्रक्षेपित, आन्तरिक श्रोत तर्फ रु. १०,००,००,०००/-(दश करोड मात्र) र बाह्य श्रोत तर्फ रु. ९०,२७,३०,०००/- (रु.नब्बे करोड सत्ताईस लाख तिस हजार मात्र) समेत कुल रु. १,००,२७,३०,०००/- (रु. एक अर्व सत्ताईस लाख तिस हजार मात्र) को अनुमानित आय पारित गरी आगामि तेस्रो नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>बैठक नं. २९</u>

<u>मिति २०७५ साल असार ८ गते</u>

**<u>निर्णयहरुः-</u>**

३. यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को आर्थिक विधेयक माथि दफावार छलफल गरियो ।

४. नगर कार्यपालिकाको आगामि वैठक २०७५ असार ९ गते शनिवार अपरान्ह ३ बजे पुनः वस्ने निर्णय गरियो ।

<u>मिति २०७५ साल असार ४</u>

<u>**बैठक नं. २८**</u>

<u>निर्णयहरुः-</u>

१. यस नगरपालिकाको आगामि तेस्रो नगर सभाको पहिलो अधिवेशन यहि २०७५ साल असार १० गते आइतबार वस्ने निर्णय गरियो। साथै उक्त अधिवेशनमा आगामि आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र अनुमानित आय-व्यय (बजेट) माथि छलफल गर्ने निर्णय गरियो।

२. मिति २०७५/०३/०३ मा ब.ले.अ. श्री सानुबाबु परियारले पेश गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदनलाई स्वीकृत गरी सो बमोजिम लिलाम गर्नुपर्ने सम्पत्तीहरुको मुल्यांकन गरी कारवाही अघि बढाउन निम्न बमोजिम एक सम्पत्ती लिलाम समिति गठन गर्ने निर्णय गरियो।

(क) ब.ले.अ. श्री सानुबाबु परियार -संयोजक

(ख) ब.ई. श्री वालकृष्ण महर्जन -सदस्य

(ग) शा.अ. श्री सुजिन्द्र महर्जन -सदस्य

(घ) शा.अ. श्री जनक थापा -सदस्य

(ङ) जिन्सी उप-शाखा श्री ज्ञानबज्र महर्जन -सदस्य सचिव

साथै उक्त समितिमा परामर्शदाता मेकानिकल ईन्जिनियर, सम्वन्धित समितिका संयोजक एवं विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

३. यस कीर्तिपुर नगरपालिकाको काम कारवाहिलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि देहाय बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु उपर बृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयोः-

(क) कीर्तिपुर नगरपालिका विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७५

(ख) कीर्तिपुर नगरपालिका स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५

(ग) कीर्तिपुर नगरपालिका फोहोरमैला व्यवस्थापन तथा प्लास्टिक झोला प्रतिवन्ध सम्वन्धी निर्देशिका, २०७५

(घ) कीर्तिपुर नगरपालिका बजार अनुगमन निर्देशिका, २०७५

४. यस नगर क्षेत्रका कीर्तिपुर क्षेत्र (वडा नं. १,२,३ र १०), पाँगा क्षेत्र (वडा नं. ५ र ८), नगाँउ क्षेत्र (वडा नं. ९) तथा भाजंगल क्षेत्र (वडा नं. ७) का ३५० वटा सामुदायिक कुकुरहरुको वन्ध्याकरण गरेवापत स्नेहा केयर,ललितपुर, भैसेपाटीलाई भुक्तानी दिएको रु. ४,९०,०००/- (अक्षरुपि रु चार लाख नव्वे हजार मात्र) लाई अनुमोदन गर्ने निर्णय गरियो।

५. आगामी दिनमा यस नगरपालिकाले लिने निम्न नीतिहरुको मस्यौदा उपर छलफल गरी संसोधन परिमार्जन सहित आगामि बैठकमा पेश गर्ने निर्णय गरियो।

(क) कीर्तिपुर नगरपालिका नगर स्वास्थ्य नीति, २०७५

(ख) कीर्तिपुर नगरपालिका कृषि प्रवर्द्धन नीति, २०७५

६. यस कीर्तिपुर न.पा.मा केन्द्रबाट छुट्टाइएको विविध कार्यक्रमका लागि ससर्त अनुदान रकम मध्ये त लव भत्तामा रकम नपुग भई कर्मचारीहरुको तलव भत्ता भुक्तानी गरिएकोमा हाल तेस्रो किस्ता बजेट निकासा भएकोले प्रथम चौमासिक अवधी देखि गर्नुपर्ने स्वास्थ्यका कार्यक्रमहरु सुचारु गरि सम्पन्न गर्न स्वीकृति दिने निर्णय गरियो।